# स्थानीय राजपत्र

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १५ मितिः २०८३।१।९

भाग — २

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

# गर्भवती महिलादेखि नवजात शिशुसम्म हाम्रो उपप्रमुख (महिला प्रजनन् स्वास्थ्य प्रबर्धन) कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

# गर्भवती महिलादेखि नवजात शिशुसम्म हाम्रो उपप्रमुख (महिला प्रजनन् स्वास्थ्य प्रबर्धन) कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

कागेश्वरी मनोहरा नगरपालिका

डाँछी, काठमाडौं

## प्रस्तावना

नेपालको संविधानद्वारा महिलाको सुरक्षित मातृत्व तथा  स्वास्थ्य सम्बन्धी हकको सम्मान, संरक्षण तथा परिपूर्ति गर्नका लागि सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन, कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने महिलाहरुको प्रजनन् सम्बन्धी समस्याको समाधान तथा सो समस्याको न्यूनीकरणको लागि गर्भवती महिलादेखि नवजात शिशुसम्म हाम्रो उपप्रमुख (महिला प्रजनन् स्वास्थ्य प्रवर्द्धन कार्यक्रम) सञ्चालन गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम  कागेश्वरी मनोहरा नगरपालिकाको मिति २०८०।९।२९ मा बसेको कार्यपालिकाको बैठकबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

**परिच्छेद- १**

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यबिधिको नाम "गर्भवती महिलादेखि नवजात शिशुसम्मको सेवा प्रवाह गर्न हाम्रो उप-प्रमुख (महिला प्रजनन् स्वास्थ्य प्रवर्द्धन कार्यक्रम) सञ्चालन कार्यविधि २०८०" रहने छ ।

२) यो कार्यविधि कागेश्वरी मनोहरा नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुने छ।

**परिच्छेद- २**

**२ परिभाषाः**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क) किशोर किशोरी भन्नाले दशदेखि उन्नाइस वर्षको उमेर समूहको सम्झनुपर्छ ।

ख) प्रजनन् स्वास्थ्य भन्नाले प्रजनन् प्रणाली, यसको कार्य र प्रजनन् प्रक्रियाको सन्दर्भमा निरोगी वा विरामी नहुनु मात्र नभई शारीरिक, मानसिक तथा सामाजिक रुपमा पुर्ण स्वस्थ रहनु हो ।

ग) गर्भवतीः गर्भ रहेदेखि बच्चा नजन्मनुजेलको अवधि बुझ्नुपर्छ ।

घ) प्रसुतीः भन्नाले बच्चा जन्मेदेखि साल नाल पूर्ण रुपमा बाहिर निस्कने अवधिलाई बुझ्नुपर्छ ।

ङ) उत्तर प्रसुतीः बच्चा जन्मेदेखि ४२ दिन सम्मको अवधीलाई बुझ्नुपर्छ ।

च) नवजात शिशुः जन्मेको २८ दिन सम्मको अवधीको शिशुलाई बुझ्नुपर्छ ।

छ) ग्रामीण अल्ट्रासाउन्ड भन्नाले तालिम प्राप्त स्वास्थ्यकर्मीबाट निशुल्क रुपमा कागेश्वरी मनोहरा नगरपालिकाको सबै वडाहरुमा महिनाको एकपटक गर्भवती महिलाहरुको बच्चाको अवस्थालाई पत्ता लगाउने प्रोटेवल मेसिनद्वारा गरिने चेक जाँच प्रविधिलाई जनाउँछ ।

ज) नगरपालिका भन्नाले कागेश्वरी मनोहरा नगरपालिका सम्झनुपर्छ ।

झ) समिति भन्नाले यो कार्यक्रम सञ्चालन, अनुगमन, अनुमति तथा अभिलेख राख्ने गठित महिला प्रजनन् स्वास्थ्य समिति सम्झनुपर्छ ।

य) शाखा भन्नाले नगरपालिकाको स्वास्थ्य शाखालाई सम्झनुपर्छ ।

ट) औषधि उपकरण भन्नाले यो कार्यक्रम सञ्चालन गर्नको लागि अवश्यक पर्ने औषधि तथा सर्जिकल सामग्रीलाई सम्झनुपर्छ ।

## परिच्छेद- ३

### ३. सेवा सम्बन्धी सूचना प्रकाशित गर्ने:

१) महिलाहरुलाई प्रजनन् स्वास्थ्य, शारीरिक तथा मानसिक स्वस्थता कायम गर्न तालिम, बहस, पैरवी एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेको छ ।स्वास्थ्य

संस्थामा प्रजनन् स्वास्थ्य जाँच सम्बन्धी सहभागी हुनको लागि नगरपालिकाको स्वास्थ्य शाखाले तत्काल उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार र भौतिक अवस्थालाई मध्यनजर गर्दै सेवा प्रवाह गर्ने दिन र समय निर्धारण गर्नेछ र सोको जानकारी नगरपालिकाको वेभसाइट, फेसबुक आम संचारका माध्यम, वडा कार्यालय, स्वास्थ्य चौकी लगायतका संस्था, बर्थिङ्ग सेन्टर, शहरी स्वास्थ्य केन्द्र आदिका माध्यमबाट सार्वजनिक रुपमा सूचना प्रकाशित गरी सुसूचित गरिने छ ।

**प्रजनन् स्वास्थ्य जाँच कार्यक्रम सञ्चालन गरिने छः**

**(क) जनचेतनामूलक कार्यक्रम :-** कागेश्वरी मनोहरा नगरपालिका भित्रका सम्पूर्ण महिला तथा पिछडिएको लक्षित वर्गका दिदी बहिनीहरुलाई यस कार्यक्रममा सहभागिताको लागि नगरपालिका भित्रका सबै वडाहरुलाई विभिन्न समूहमा विभाजन गरी तत् स्थानहरुमा सम्बन्धित वडाका महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी यस नगरपालिकामा दर्ता रहेका महिला, स्वास्थ्यसँग कार्य गर्ने विभिन्न गैर सरकारी संस्थाहरु, टोलसुधार समाज, आमा समूहका अध्यक्ष वा सदस्यहरुलाई ३० देखि ४५ जनाको संख्यामा पहिलो चरणमा उपप्रमुख प्रजनन् स्वास्थ्य जनचेतना कार्यक्रम संचालन गरिने छ । उक्त जनचेतनामूलक कार्यक्रममा सहभागीहरुलाई दोश्रो चरणको निशुल्क शिविर सञ्चालन तथा प्रचार प्रसारको लागि यातायात खर्च रु ४०० ।- (अक्षरुपी चारसय मात्र) उपलब्ध गराइने छ ।

**(ख) उपप्रमुख प्रजनन् स्वास्थ्य कार्यक्रम सञ्चालनः** यो कार्यक्रम कागेश्वरी मनोहरा नगरपालिकाको सबै वडामा कम्तिमा वर्षमा २ पटक सञ्चालन गरिने छ, प्रजनन् स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन पश्चात् पाठेघरको क्यान्सर, स्तन क्यान्सर आङ्ग खस्ने र पिसाव चुहिरहने समस्या तथा महिलाहरुको अन्य विभिन्न रोग सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर तालिम प्राप्त स्वास्थ्यकर्मी तथा विशेषज्ञ डाक्टरहरुबाट सञ्चालन गरी सबै वडाका महिलाहरुको स्वास्थ्य परिक्षण गरिने छ । यो कार्यक्रम सञ्चालन गर्दा

कागेश्वरी मनोहरा मूलपानी नगर अस्पताल, वडामा रहेका स्वास्थ्य चौकी, वर्थिङ्ग सेन्टर शहरी स्वास्थ्य केन्द्र वा अन्य उपयुक्त स्थानमा सञ्चालन गरिने छ ।कार्यक्रम सञ्चालनको समय बिहान ८:०० बजेदेखि बेलुका ४ बजेसम्म गरिने छ ।कार्यक्रम सञ्चालन सकभर नगरपालिकामा उपलब्ध भएको जनशक्ति भौतिक संरचना औजार उपकरण प्रयोग गरिने छ । नगरपालिकाभित्र उपलब्ध नभएको विशेषज्ञ जनशक्ति प्रयोग गर्नुपरेमा उपस्थित भएको दिनको दैनिक भत्ता यातायात खर्च खाना तथा खाजा भत्ता उपलब्ध गराउने गरी सेवा लिन सकिने छ ।

**(ग) कार्यक्रम**ः विभिन्न समुदायमा रहेका प्रजनन् उमेर पुरा भएका समूहका महिलाहरुमा प्रजनन् स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्नको लागि समुदाय स्तरमा बहस, पैरवी, अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रमहरुको सञ्चालन गर्नुको साथै आवश्यकता अनुसार तोकिए बमोजिम अन्य कार्यक्रमहरुको निरन्तरता तथा सेवा विस्तार गरिने छ । प्रजनन् स्वास्थ्य सेवाभित्र परिवार नियोजन, सुरक्षित मातृत्व, नवशिशु स्याहार, यौनजन्य क्रियाकलाप, तथा एच.आई.भी एड्स सङ्क्रमित समस्याको व्यवस्थापन, किशोर-किशोरी प्रजनन् स्वास्थ्य, बाँझोपना, सुरक्षित गर्भपतन, common Gyanecological problems, लैङ्गिक हिंसाजस्ता विषयहरु पर्दछन् ।कार्यविधिले प्रजनन् उमेर समूहका महिलाहरुको प्रजनन् स्वास्थ्य हेर्ने भए तापनि तत्कालका लागि निम्न समस्याहरुको व्यवस्थापन गर्ने छ :

१. पाठेघर खस्ने समस्याको पहिचान, रोकथाम तथा उपचारको लागि सिफारिस गर्ने ।
२. पाठेघरको मुखको स्वाब (तरल पदार्थ) जाँच्ने व्यवस्था मिलाउने )Pap smear Test) ।
३. पाठेघरको मुखको क्यान्सर शुरुमा नै पत्ता लगाउने विधि VIA test जाँच गर्ने ।

४. फिस्टुलाको जाँच /उपचार गर्न सिफारिस गर्ने व्यवस्था मिलाउने ।

५. STI तथा PID जस्ता प्रजनन् स्वास्थ्य सम्बन्धी समस्याको पहिचान, रोकथाम र उपचार गर्न व्यवस्था मिलाउने ।

६. स्तन क्यान्सर तथा बाँझोपना सम्बन्धी अन्य आवश्यक परामर्श, सल्लाह, उपचार र प्रेषण गर्ने ।

७. महिला प्रजनन् स्वास्थ्य सम्बन्धी सेवा तथा अन्य सेवा आवश्यकता अनुसार विस्तार गर्ने ।

८. महिला प्रजनन् स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रम सबै वडामा सञ्चालन गर्ने।

९. नगरपालिकामा सञ्चालन भएको वर्थिङ्ग सेन्टरमा सुत्केरी हुन आउने महिलाहरुलाई निशुल्क एम्बुलेन्सको व्यवस्था गर्ने ।

१०. सुत्केरी महिलाहरु तथा नवजात शिशुको स्वास्थ्य चेकजाँचको लागि Pnc home visit गर्ने ANC र PNC health kit (दौरा सुरुवाल, टोपी भोटो, पेन्टि प्याड र बेबि ब्ल्यान्केट) वितरण गर्ने (नेपाल सरकार को प्रोटोकल अनुसार)

११. यस नगरपालिकामा रहेको बर्थिङ्ग सेन्टरमा सुत्केरी भएका महिलाहरुका लागि सुत्केरी पोषण अन्तर्गत पोषणयुक्त (मुंग दाल, गेडागुडि, ज्वानो र घ्यू १ केजिका दरले) खानेकुरा प्रदान गर्ने ।

१२. गर्भवती महिलाहरुको लागि निशुल्क भिडियो एक्सरे सेवा सबै वडाहरुमा मासिक रुपमा सञ्चालन गर्ने ।

१३. सुत्केरी महिलाहरु तथा नवजात शिशुको स्वास्थ्य चेकजाँच गर्नको लागि PNC Home Visit गर्ने र PNC Health Kit वितरण गर्ने कार्यको लागि खटिने महिला सामुदायिक स्वयंसेविका र स्वास्थ्यकर्मीहरुलाई जनही रु. २००।— (अक्षरुपी दुईसय मात्र । ) का दरले खाजा खर्च उपलब्ध गराउने ।

## परिच्छेद- ४

**४. <u>चिकित्सकको छनोटको आधार</u> :-**

१. कार्यक्रम सञ्चालन गर्नको लागि स्त्रीरोग सम्बन्धी स्त्रीरोग विशेषज्ञ चिकित्सकबाट सेवाप्रवाह गरिने छ ।

२. चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई कार्यक्रम सञ्चालन भएको दिन यस नगरपालिका बाट नियम अनुसार भत्ता उपलब्ध गराइने छ ।

**<u>४.(१) औषधि उपकरण खरिद</u> :-** यस कार्यक्रम सञ्चालनको लागि बजेटको सुनिश्चितता गरी आवश्यकता अनुसार औषधि उपकरण खरिद गरिने छ । यस आ.व. मा न्यूनतम मापदण्डको व्यवस्थापन गर्न नगर कार्यपालिकाको स्वास्थ्य शाखाले आवश्यक समन्वय गर्ने छ ।

**४.२ <u>बजेट बाँडफाँड तथा कार्यक्रम कार्यान्वयन</u>ः**

१. यो कार्यक्रम निरन्तर सञ्चालनको लागि बजेट व्यवस्थापन कागेश्वरी मनोहरा नगरपालिकाबाट विनियोजित गरिने छ । विनियोजित बजेट अनुसारको कार्यक्रम प्रजनन् स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने फोकल पर्सनबाट कार्यपत्र बनाई स्वास्थ्य शाखा प्रमुखको सिफारिसबाट प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि मात्र सञ्चालन गरी खर्च गरिने छ ।

२. यस कार्यक्रममा (शिविर सञ्चालनमा) मात्र खटिने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु व्यवस्थापन समितिका पदाधिकारीज्युहरु, कर्मचारीहरु महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा अन्य स्वयंसेविहरुलाई खाना तथा खाजाको लागि कार्य सञ्चालन निर्देशिकामा व्यवस्था भए बमोजिम रु ५००/- (अक्षरुपी पाँच सय मात्र ।) का दरले

प्रति व्यक्ति प्रति दिन व्यवस्था गरिने छ । सो रकम विनियोजित रकमबाट खर्च गरिने छ ।

३. कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सहभागी हुने स्वास्थ्यकर्मी कार्यालय सहयोगीहरु, नियमित कामका साथै यस कार्यमा अनुगमनमा खटिनेले विनियोजित बजेट बाट खर्च गर्ने गरि नगरपालिकाको कार्यसन्चालन निर्देशिकाको प्रावधान बमोजिम रु.१०००/-(एक हजार मात्र) दैनिक भत्ता तथा यातायात खर्च रकम उपलब्ध गराइने छ ।

४. कार्यक्रममा खटिए वापत विशेषज्ञ चिकित्सकको लागि प्रतिदिन रु. ५०००/- (पाँच हजार मात्र ) का दरले र अन्य चिकित्सक तथा बाह्य प्रशिक्षकहरुको लागि प्रतिदिन रु. ३०००/- (तिन हजार मात्र) का दरले उपलब्ध गराइने छ साथै बाह्य चिकित्सकको हकमा यातायात खर्च बापत रु १०००/- (एक हजार मात्र) उपलब्ध गराइने छ ।

५. प्रत्येक वडामा महिलाहरुको निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्नु अगाडि व्यवस्थापन समिति राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र आमा समूहलाई तयारी बैठकको लागि स्वास्थ्य संस्थामा आमन्त्रण गरिने छ त्यसदिनको लागि सम्पूर्ण स्वास्थ्यकर्मी आमा समूह, राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु र स्वास्थ्य व्यवस्थापन समितिलाइ खाजाको व्यवस्था गरिने छ ।

## ५. <u>अभिलेख, अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षण</u>

**क.** यस नगरपालिकाले तोकेको ढाँचामा राखिएको स्वास्थ्य परिक्षणको विवरणको ढाँचा अनुसार नै तथ्याङ्कको अभिलेख राखिने छ। प्राप्त तथ्याङ्कको विश्लेषण गरी नगरपालिकाले आवश्यक पृष्ठ पोषण दिन सक्ने छ ।

**ख.** अनुगमन मूल्याङ्कनलाई प्रभावकारी बनाउन मूल्याङ्कन सूचकहरु तयार गरी नगरपालिकाले निरन्तर अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षण गर्ने छ, साथै कार्यक्रम सम्पन्न गर्न बिरामी पुर्जा, प्रतिवेदन फारम तथा निमन्त्रणा कार्ड क्रमशः अनुसूची ४, ५ र ६ मा उल्लेख भए बमोजिम हुने छ ।

**ग.** कार्यक्रमको प्रभावकारिता बढाउन चौमासिक रुपमा समीक्षा गोष्ठी सञ्चालन गरिने छ ।

**घ. स्थलगत प्रशिक्षणः** कार्यक्रम सञ्चालनको समयमा कुनै दुविधा वा प्राविधिक कठिनाई उत्पन्न भएमा नगरपालिकाले सम्बन्धित सेवा प्रदायक संस्थामा उपस्थित भई स्थलगत प्रशिक्षण तथा अनुगमन गरी समाधान गर्ने छ ।

**ङ. प्रतिवेदन पेश गर्नेः** सम्बन्धित सेवा प्रदायक संस्थाले नगरपालिकाको स्वास्थ्य शाखामा तोकिएको ढाँचामा मासिक प्रगति प्रतिवेदन पेश गर्नु पर्ने छ ।

**च. सार्वजनिकीकरणः** नगरपालिकाबाट यस कार्यक्रमको प्रगति विवरण आफ्नो वेबसाइट र अन्य उपयुक्त सञ्चार माध्यमहरुबाट व्यक्तिगत सूचनाको गोपनियता कायम गरी कार्यक्रमका गतिविधि र तथ्याङ्क सार्वजनिक गरिने छ ।

**६. गोपनियता कायम राख्नुपर्नेः** (१) यस कार्यक्रम बमोजिम सेवा लिने महिलाहरुको प्रजनन् स्वास्थ्यसँग सम्बन्धित सूचना, कागजात तथा निजलाई प्रदान गरिएको परामर्श र सेवा सम्बन्धी सबै अभिलेख प्रचलित कानुन बमोजिम गोप्य राख्नुपर्नेछ ।

७. **<u>अभिलेख राख्नु पर्नेः</u>**

१) यस कार्यविधि बमोजिम सेवा लिने सेवाग्राहीहरुको अभिलेख **"एकीकृत महिला प्रजनन् स्वास्थ्य सेवा"** मासिक रुपमा नगर उपप्रमुखलाई पेश गर्नुपर्ने छ, सेवाग्राहीहरु मध्ये विपन्न तथा अति विपन्नलाई प्रजनन् सेवा प्रदान गर्दा थप उपचारमा भएको आर्थिक

सहायता उपलब्ध गराएको विवरण नगरपालिकाको स्वास्थ्य शाखाको जिम्मेवार कर्मचारीले अभिलेख कायम गरी सुरक्षित राख्नुपर्नेछ ।

## परिच्छेद- ५

**८. <u>कार्यक्रम सञ्चालन तथा समन्वय समितिः</u>**

१. कार्यक्रम सञ्चालन अनुगमन गरी सेवा सम्बन्धी नीति योजना सुझाव तथा निर्देशन दिन देहाय बमोजिमका सदस्य रहेको उपप्रमुख प्रजनन् स्वास्थ्य प्रबर्धन कार्यक्रम सञ्चालन तथा समन्वय समिति रहने छ ।

१) नगर उपप्रमुखः संयोजक

२) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

३) आर्थिक प्रशासन शाखा प्रमुखः सदस्य

४) स्वास्थ्य शाखा प्रमुखः सदस्य

५) नर्सिङ्ग शाखा प्रमुखः सदस्य

६) उप प्रमुख प्रजनन् स्वास्थ्य कार्यक्रम फोकल पर्सनः सदस्य सचिव

२. कार्यक्रम सन्चालन तथा समन्वय समितिका पदाधिकारी एवं सदस्यलाई कार्य सञ्चालन निर्देशिका बमोजिम नियमानुसार बैठक भत्ता उपलब्ध गराइने छ ।

४. कार्यक्रम सञ्चालन तथा समन्वय समितिले बैठक सम्बन्धि प्रक्रिया आफै निर्धारण गर्ने छ ।

**९. <u>समन्वय समितिको काम, कर्तब्य र अधिकारः</u>**

क. कार्यक्रम सञ्चालन तथा समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

- कार्यक्रमको अनुगमन तथा आवधिक समीक्षा गरी आवश्यक पृष्ठपोषण दिने ।
कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्दा आइ पर्न सक्ने नीतिगत तथा अन्य जटिलताहरुलाई समाधान गर्न सहजीकरण गर्ने ।

- यो कार्यक्रम सञ्चालन गर्न स्वीकृत बजेटको परिधीभित्र रही नगरपालिकाले आवश्यकता अनुसार जनशक्ति अपुग भएमा नगरपालिका अन्तरगत कार्यरत जनशक्ति बाहेक थप प्राविधिक जनशक्ति परिचालन तथा विशेषज्ञ चिकित्सकको सेवा करार नगरपालिकाको प्रचलित कार्यविधि अनुसार आपसी सम्झौता गरी लिन सक्ने छ ।

१०. कार्यक्रम कार्यान्वयन गर्नका लागि नगरपालिकाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः

क. **कार्यक्रम सञ्चालन तथा** समन्वय समितिले तयार गरेको नीति योजना तथा कार्यक्रम स्वीकृत गरी कार्यन्वयन गर्ने ।

ख. कार्यक्रमको आवधिक समीक्षा र आवधिक प्रगति प्रतिवेदन तयार गर्न निर्देशन दिने ।

ग. कार्यक्रमको निरन्तर अनुगमन, सहयोग र कार्यक्रम कार्यान्वयनको समयमा आइपरेका समस्याहरुको समाधान गर्न पृष्ठपोषण/समन्वय गर्ने ।

घ. कार्यक्रम सम्पन्न पश्चात प्राप्त तथ्यांकको आधारमा समिति मार्फत कार्यक्रमको योजना बनाउन सहयोग गर्ने ।

**११. प्रेषण गर्नेः स्थलगत शिविरमाः** स्वास्थ्य परीक्षण गर्दा कुनै व्यक्तिमा कडा रोग पहिचान भएमा निजलाई मुलपानी नगर अस्पतालमा प्रेषण गर्नुपर्ने छ । बिरामीले मूलपानी नगर अस्पतालमा विशेषज्ञ सेवा उपलब्ध नभएमा अन्य अस्पतालमा उपचार गर्नको लागि शिफारिस तथा सहजीकरण गर्ने छ ।

**१२. अपाङ्गमैत्री सेवा प्रदान गर्नु पर्नेः** यस कार्यक्रम बमोजिम सेवा प्रवाह गर्दा महिला मैत्री किशोर किशोरीमैत्री तथा अपाङ्गतामैत्री हुने गरी सेवा प्रवाह गर्नुपर्ने छ ।

**१३. भेदभाव गर्न नपाइनेः** कसैलाई निजको उत्पति धर्म, वर्ण, जात जाति, लिङ्ग, समुदाय, पेसा, व्यवसाय, यौनिक तथा लैङ्गिक पहिचान शारीरिक अशक्तता  वा स्वास्थ्य अवस्था, अपाङ्गता, बैवाहिक स्थिति, गर्भावस्था, वैचारिक, आस्था, कुनै रोगबाट संक्रमित भएको वा हुने जोखिममा रहेको अवस्था, प्रजनन् स्वास्थ्यको रूग्णताको अवस्था सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसुती तथा नवजात शिशु, लगायत महिनावारी सेवा प्राप्त गर्ने अधिकार माथि कुनै किसिमले भेदभाव  नगरी सेवा प्रवाह गरिने छ।

**१४. संरक्षण गृहको व्यवस्थाः** मानसिक रुपले अशक्त घर परिवार र आफन्तबाट तिरस्कृत, बलात्कृत, हिंसा पिडित, महिलाको प्रजनन् स्वास्थ्य संरक्षणका लागि त्यस्ता महिलालाई संरक्षण गृहमा राख्ने गरी संघ प्रदेश तथा अन्य साझेदार संस्थाहरुमा पारस्परिक समन्वयमा आवश्यक व्यवस्था मिलाइने छ   ।

**१५. निर्देशन दिन सक्नेः** नगरपालिकाले यस कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी रुपले सञ्चालन गर्नको लागि आवश्यक निर्देशन दिनसक्ने छ । यसरी दिएका निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तब्य हुने छ ।

**१६. प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका सम्पूर्ण कुराहरु यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

अनुसुची-१

नेपाल सरकारको लोगो　　　　अनुसूची-३　　　　नगरको लोगो

बिरामी पुर्जा

उपप्रमुख महिला प्रजनन् स्वास्थ्य कार्यक्रम

OUT PATIENTS RECORD BOOK

| NO | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|

## patients Details

Patients Name : ..............................................................

Adress : .................................................................... Phone : ...................................... Sex ......... Age ......

Date ...............................................　　.................................... Blood Group

अर्को पटक चेक जाँच गर्न आउँदा यो कार्ड अनिवार्य लिएर आउनु होला ।

अनुसूची- ४

प्रतिवेदन फाराम

कार्यक्रम सम्पन्न प्रतिवेदन

१. कार्यक्रमको नामः

२. स्वीकृत बजेट र खर्च शीर्षक नं.

३. कार्यक्रमको संक्षिप्त परिचय तथा उदेश्यः

४. कार्यक्रम सञ्चालन प्रक्रियाः

५. कार्यक्रम सञ्चालन स्थान र मितिः

६. कार्यक्रममा सहभागी जनशक्तिः

७. कार्यक्रमको उपलब्धिः

८. आर्थिक विवरणः

अनुसूची-५

निमन्त्रणा कार्ड

कार्यक्रमको नामः

कार्यक्रमको परिचयः

कार्यक्रम सम्पन्न हुने मिति र स्थानः

कार्यकममा सञ्चालन गरिएका सेवाहरु

नोटः कम्तिमा १ वर्षमा  एक पटक आफ्नो स्वास्थ्य परीक्षण गरौ ।

.........................................

आज्ञाले
पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकावाट स्वीकृत मितिः २०८०।६।२९
प्रमाणिकरण मितिः २०८०।६।२९